**प्राइम लाइफ**

सुरक्षित भविष्य

# प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

हात्तिसार, काठमाडौं

## आर्थिक बर्ष २०७८/०७९ को दोश्रो त्रैमासिक (पौष मसान्त) सम्मको वित्तीय विवरण

(रकम रु. हजारमा)

| क्र.स | विवरण | लेखा परीक्षण नभएको<br>यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परीक्षण नभएको<br>अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परीक्षण नभएको<br>अघिल्लो आ.व.को सम्वन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| | **वासलात** | | | |
| **१** | **श्रोत (१.१ देखि १.५ सम्म)** | **२०,०५८,५७९** | **१९,११२,०८३** | **१६,२७७,१४६** |
| १.१ | चूक्ता पूंजी | २,७७९,६१६ | २,४१७,०५७ | २,४१७,०५७ |
| १.२ | जगेडा तथा कोष | ४९१,७६६ | ८०२,९३९ | ६१७,२७१ |
| १.३ | जीवन बीमा कोष | १६,६११,९६३ | १५,७२४,६८२ | १३,०९६,०४३ |
| १.४ | महाबिपत्ती कोष जगेडा | १७५,२३४ | १६७,४०५ | १४६,७७५ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | – | – | – |
| **२** | **उपयोग (२.१ देखि २.६ सम्म)** | **२०,०५८,५७९** | **१९,११२,०८३** | **१६,२७७,१४६** |
| २.१ | स्थिर सम्पत्ती (खूद) | २४९,९२८ | २४४,५६९ | २४१,१०८ |
| २.२ | दीर्घकालिन लगानी तथा कर्जा | १४,०२८,७६२ | १४,२८७,४५६ | १२,८१०,८२६ |
| २.३ | बीमालेखको धितोमा कर्जा | १,७२७,४५१ | १,५९७,०१६ | १,३६९,३३० |
| २.४ | खूद चालू सम्पत्ती (३–४) | ४,०५२,४३८ | २,९८३,०४२ | १,८५५,८८२ |
| २.५ | अपलेखन वा समायोजन हुन बांकी विविध खर्च | – | – | – |
| २.६ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | – | – | – |
| | खूद चालु सम्पत्तीको विवरण | | | |
| **३** | **चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म)** | **४,८६२,४२३** | **४,०६५,३४३** | **३,२२२,९६६** |
| ३.१ | नगद तथा बैंक मौज्दात | ३८,८८५ | १६४,६७६ | २२,७४३ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | ३,५५१,८४४ | २,६४४,९८८ | २,०३८,३०९ |
| ३.३ | अन्य सम्पति | १,२७१,६९४ | १,२५५,६७९ | १,१६१,९१४ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरू (४.१ देखि ४.४ सम्म) | ८०९,९८५ | १,०८२,३०१ | १,३६७,०८४ |
| ४.१ | चालु दायित्व | ४९४,५१८ | ६९३,२३६ | ६०३,४९२ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | २२०,००० | २२०,००० | ४१०,००० |
| ४.३ | भुक्तानी हुन बांकी दावी बापत व्यवस्था | १२,२९२ | १४,५६४ | १२,६५३ |
| ४.४ | अन्य व्यवस्था | ८३,१७५ | १५४,५०१ | ३४०,९३९ |
| | **नाफा नोक्सान हिसाव** | | | |
| **१** | **आम्दानी (१.१ देखि १.५ सम्म)** | **२३६,८७३** | **१७५,४९१** | **२४७,२४५** |
| १.१ | आय व्यय हिसाबबाट सारेको | ९७,५२५ | १०६,१४१ | ३७,१०७ |
| १.२ | जीवन बीमा कोषबाट सारेको | – | – | – |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | १३९,३४८ | ६९,३५० | १३५,८५० |
| १.४ | व्यवस्था फिर्ता | – | – | ७४,२८८ |
| १.५ | अन्य आम्दानी | – | – | – |
| **२** | **व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८ सम्म)** | **६२,५७५** | **५२,९१६** | **५३,५८८** |
| २.१ | व्यवस्थापन खर्च | २९,७५३ | १४,७१७ | २९,६४२ |
| २.२ | अपलेखन खर्च | – | – | – |
| २.३ | अन्य खर्चहरू | १० | – | २,३०९ |
| २.४ | नोक्सानीको लागी व्यवस्था | १३,४४६ | २४,५८० | ११९ |
| २.५ | कर्मचारी आवास व्यवस्था | – | – | – |
| २.६ | कर्मचारी बोनस व्यवस्था | १९,३६६ | १३,६१९ | २१,५१८ |
| २.७ | समायोजित आयकर | – | – | – |
| २.८ | जीवन बीमा कोषमा सारेको | – | – | – |
| | **खूद नाफा/(नोक्सान) (१–२)** | **१७४,२९८** | **१२२,५७५** | **१९३,६५७** |
| | **एकिकृत आय व्यय हिसाब** | | | |
| १ | आय (१.१ देखि १.७ सम्म) | ३,३६१,८४९ | १,८८२,४२१ | ३,१५४,६५८ |
| १.१ | बीमाशूल्क (खुद) | २,३२०,२२९ | १,१७०,०९२ | २,००८,०५६ |
| १.२ | पुनर्बीमा कमिशन आय | – | – | – |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | ६२८,०३३ | ३०९,१६५ | ५५२,५६५ |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | ४३,२२५ | ४३,२२७ | ६३,४२० |
| १.५ | अन्य प्रत्यक्ष आय | २१,५७३ | ११,१४८ | २२,१९९ |
| १.६ | यस बर्षको शूरूको भूक्तानी हून बांकी दावी बापत व्यवस्था | ८,७८९ | ८,७८९ | ८,४१८ |
| १.७ | यस बर्षको शूरूको असमाप्त जोखिम बापत व्यवस्था | ३४०,००० | ३४०,००० | ५००,००० |
| **२** | **व्यय (२.१ देखि २.१० सम्म)** | **१,३११,२८१** | **७४७,३५२** | **१,४३८,३२३** |
| २.१ | दावी भुक्तानी (खुद) | ५६०,४५३ | २५४,६०४ | ४९६,११२ |
| २.२ | अभिकर्ता कमिशन | २२५,५०० | ११३,०२३ | २३०,२१९ |
| २.३ | स्वास्थ्य परीक्षण शुल्क | २,०५६ | १,००९ | २,४८१ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | – | – | – |
| २.५ | सेवा शुल्क (खुद) | २३,२०२ | ११,७०१ | २०,०८१ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | – | – | – |
| २.७ | व्यवस्थापन खर्च | २६७,७७८ | १३२,४५१ | २६६,७७७ |
| २.८ | आयकर | – | – | – |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बांकी दावी बापत व्यवस्था | १२,२९२ | १४,५६४ | १२,६५३ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम बापत व्यवस्था | २२०,००० | २२०,००० | ४१०,००० |
| **३** | **वचत (१–२)** | **२,०५०,५६८** | **१,१३५,०६९** | **१,७१६,३३५** |
| ३.१ | जीवन बीमाकोषमा सारेको | १,९५३,०४३ | १,०२८,९२९ | १,६७९,२२८ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | ९७,५२५ | १०६,१४१ | ३७,१०७ |
| | **अन्य विवरण** | | | |
| १ | कूल बीमा शूल्क आर्जन रकम (यस वर्ष) | २,३४६,२८८ | १,१८३,३५९ | २,०३०,३१३ |
| २ | कूल बीमा शूल्क आर्जन रकम (हाल सम्म) | २४,८३५,८२३ | २३,६७२,८९४ | २०,४७८,७८१ |
| ३ | कूल कायम रहेको बीमालेखको संख्या | २०१,६४७ | २०२,६१६ | २५४,९७६ |
| ४ | कूल जारी बीमालेखको संख्या | १,७५३,५६७ | १,७४७,०४३ | १,७२५,४९९ |
| ५ | घोषित मूनाफा (वोनस) को दर (प्रति हजार) | ३५–७५ | ३५–७५ | ३०–७५ |
| ६ | अन्तरिम मूनाफा (बोनस) को दर (प्रति हजार) | ३५–७५ | ३५–७५ | ३०–७५ |
| ७ | कूल दावी भूक्तानी रकम | ६०३,२७८ | २७६,२८० | ५४२,२०५ |
| ८ | कूल दावी भूक्तानी संख्या | २,३२२ | १,१३८ | १,७२३ |
| ९ | भुक्तानी हुन बांकी दावी रकम | १३,२८९ | १६,०७९ | १३,७०७ |
| १० | भुक्तानी हुन बांकी दावी संख्या | ५५ | ५९ | ६२ |

**द्रष्टव्यः**

१. लेखापरीक्षण नभएका अंकहरू नियमन निकायको निर्देशन तथा लेखापरीक्षण पश्चात हेरफेर हून सक्नेछन ।

२. आ.व. २०७८/७९ को सामान्य म्यादी जीवन बीमालेखको असमाप्त जोखिम बापत व्यवस्था समानूपातिक हिसावले राखिएको छ । बीमांकिय मूल्यांकन प्रतिवेदन प्राप्त भएपश्चात् सोही बमोजिम हूनेछ ।

३. बीमा पूल बाट सञ्चालित बैदेशिक रोजगार बीमाको बीमाशूल्क तथा बीमा दाबी सम्बन्धि आ.ब. २०७८/७९ को दोश्रो त्रैमासिक अवधिसम्मको विवरण प्राप्त नभएकोले सो समावेश हुन नसकेको ।

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनूसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

## आ.व. २०७८/७९ को दोश्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण**:

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यस कम्पनीको आ.व. २०७८/७९ को दोश्रो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी वित्तीय विवरण यसैसाथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरुः

| | | | |
|---|---|---|---|
| **प्रति शेयर आम्दानीः** | **रु.१२.५४** | **मूल्य आम्दानी अनुपातः** | **६२.२०** |
| **प्रति शेयर नेटवर्थः** | **रु.१२४.००** | **प्रति शेयर कूल सम्पत्तिको मुल्यः** | **रु. ७५०.७७** |

**२. व्यवस्थापकिय विश्लेषण**:

जनमानसमा जीवन बीमा शिक्षा मार्फत बीमाको महत्व तथा आवश्यकता सम्बन्धमा जनचेतना जगाई जीवन बीमा गराउने परिपाटीको क्रमिक विस्तार गर्नु आज सबै जीवन बीमा कम्पनीहरुको प्रमुख उदेश्य हुनु पर्नेछ। यसका लागी नियामक निकाय एवं जीवन बीमा व्यवसायमा संलग्न बीमक कम्पनीहरुबाट भएका बीमा सम्बन्धि जागरुक अभियान हाल देशका धेरैजसो भुभागमा पुगेको महसुस भएको छ। यस कम्पनीले आम नागरिकको आवश्यकता तथा समयानुकुल विविध जीवन बीमा योजनाहरु प्रचलनमा ल्याई देशका विभिन्न स्थानमा कार्यालय सञ्जाल (शाखा/उपशाखा) बिस्तार गरि समयानुकुल उत्कृष्ट र कुशल जीवन बीमा सेवा दिई जनमानसमा आर्थिक तथा सामाजिक सुरक्षाको प्रत्याभुती दिलाउन हालसम्म सफल रहेको छ। साथै, यस्तो उपलब्धि नियमित र प्रभावकारी बनाउन कम्पनीको व्यवस्थापन निरन्तर प्रयत्नरत छ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण**: नभएको।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण** :

कम्पनी सञ्चालनको वर्तमान अवस्था कम्पनीको सञ्चालन प्रक्रिया तथा अन्य सुचनाहरुको आधारमा शेयर बजारको अध्ययन र अनुसन्धान तथा कम्पनीको बित्तिय अवस्थाको आधारमा लगानी गर्न हालको अवस्थामा शेयर बजारको उतारचढावको अवस्थालाई लगानीकर्ताहरुले सहि विश्लेषण गरि, सजगता अपनाई लगानी गर्नुहनेछ र देशको आर्थिक वातावरणमा स्वच्छता निरन्तर कायम रहनेछ भन्ने कम्पनी व्यवस्थापनको धारणा रहेको छ।

कम्पनीको चालु आर्थिक वर्ष २०७८/७९ को दोश्रो त्रैमासिक अवधिमा भएको शेयर कारोवारको विवरण (नेपाल स्टक एक्स्चेन्ज लि. को वेवसाइट अनुसार) निम्नबमोजिम रहेको छ।

| शेयरको अधिकतम मूल्य | शेयरको न्यूनतम मूल्य | शेयरको अन्तिम मूल्य | कारोवार भएको जम्मा दिन | शेयर कारोवार संख्या |
|---|---|---|---|---|
| **रु. ९४४.७०** | **रु. ५७०** | **रु. ७८०** | **५९** | **९०९,६५६** |

**५. समस्या तथा चुनौती** :

जीवन बीमाक्षेत्रका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार रहेका छन्ः

- नेपालका सम्पूर्ण भुभागमा जीवन बीमा सम्बन्धी सचेतना फैलाउने कार्य भइरहेको भएतापनि देशको बिकटतम भौगोलिक स्थितीका कारण धेरै स्थानमा जीवन बीमा सम्बन्धि सचेतना कार्यक्रम, बीमा शिक्षाका कार्यक्रमहरु नियमित रुपले सञ्चालन गर्न अनुकुल नभएको कारण अझ पनि जनमानसमा जीवन बीमा जनचेतनाको कमी रहनु।
- जीवन बीमा विषयमा अध्ययन/अध्यापनको आवश्यकता अनुरुप विस्तार हुन नसकिरहेको अवस्था।
- जीवन बीमा व्यवसायमा व्यवसायिक अवधारणाको विकास हुन थप प्रयाश आवश्यक रहेको अवस्था।
- बीमा वजारमा क्रियाशिल अभिकर्ताहरु पूर्ण व्यवसायिक र पेशागत हुन नसकेको अवस्था।
- हाल तेश्रो चरणको COVID–19 महामारीका कारणले गर्दा व्यवसायिक स्थितीमा सिथिलता आएको कारण यस महामारीलाई चुनौतीको रुपमा लिनुपर्ने अवस्था रहेको छ।

बीमा क्षेत्रमा रहेका उल्लेखित समस्या तथा चुनौतीहरुलाई सामना गर्दै नविनतम, उच्चस्तरीय र आधुनिक स्तरको प्रविधियुक्त जीवन बीमा सेवा प्रदान गरि संस्थागत कुशल व्यवस्थापन तथा पारदर्शिता जस्ता नीतिहरु अवलम्बन गरी बीमा शिक्षा तथा सचेतना कार्यक्रमहरुलाई समेत व्यवसाय विस्तारमा प्रयोग गर्दै नेपाल राज्यभर विस्तारित कार्यालय सञ्जालहरु तथा सूचना प्रविधिको माध्यमबाट विभिन्न भुक्तानी प्रदायक संस्थाहरु मार्फत बीमितलाई भुक्तानी लगायतका विविध सेवा प्रदान गर्दै व्यवसायिक लक्ष्य हासिल गर्न कम्पनी अनवरत प्रयासरत छ।

**६. संस्थागत सुशासन**:

विद्यमान ऐनकानून तथा नियमन निकायबाट लागू गरिएका निर्देशनको पालना गर्नुका साथै कम्पनीको सञ्चालक समितिले समय समयमा निर्णय गरि लागू गरेका विभिन्न नीतिनियमहरु बमोजिम कार्यसम्पादन गरि कम्पनीका सञ्चालक एवं व्यवस्थापनका व्यक्तिहरु रहने गरि लेखापरीक्षण समिति, लगानी समिति, मानव संशाधन समिति, जोखिम व्यवस्थापन समिति, दावी भुक्तानी समिति र आवश्यकतानुसार सञ्चालक र व्यवस्थापनका पदाधिकारीहरुको संलग्नतामा समेत विभिन्न समिति/उपसमितिहरु मार्फत सामुहिक रुपमा निर्णयहरु गरि जोखिमलाई कमी गर्ने, स्वतन्त्र रुपमा नियमित आन्तरिक लेखापरीक्षण गरि आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाई संस्थागत सुशासनको पालना गरिआएको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**:

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।